व्यास नगर कार्यपालिकाको २३५ औं बैठक आज मिति२०८३/१/६ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगरप्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडाअध्यक्ष वडानं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडाअध्यक्ष वडानं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाअध्यक्ष वडानं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडाअध्यक्ष वडानं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडाअध्यक्ष वडानं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाअध्यक्ष वडानं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडाअध्यक्ष वडानं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाअध्यक्ष वडानं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडाअध्यक्ष वडानं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडाअध्यक्ष वडानं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडाअध्यक्ष वडानं. ११ | - श्री दलबहादुर दुरा | अनुपस्थित |
| वडाअध्यक्ष वडानं. १२ | - श्री बमबहादुर आले | अनुपस्थित |
| वडाअध्यक्ष वडानं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडाअध्यक्ष वडानं. १४ | - श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा.वडाअध्यक्ष वडानं. ८ | - श्री बिष्णुमायां राना | उपस्थित |
| का.वा.वडाअध्यक्ष वडानं. ११ | - श्री गोकुल राना | उपस्थित |
| का.वा. वडा अध्यक्ष १२ | - श्री राजकुमारी सेढाई | उपस्थित |
| का.वा. वडा अध्यक्ष १४ | - श्री दुर्गा बहादुर आले | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

**प्रस्ताव नं.१ः** २३४ औं कार्यपालिका बैठक र सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

**प्रस्ताव नं.२ः** चैत्र ३०गते सम्पन्न व्यासनगरपालिकाको ३४औं स्थापना दिवसको कार्यक्रमको समीक्षा सम्बन्धमा ।

**प्रस्ताव नं.३ः** आ.व. २०८२/०८३ को चैत्र मसान्तसम्मको आय-व्यय समीक्षा सम्बन्धमा ।

**प्रस्ताव नं.४ः** एकिकृत घुम्ती शिविर गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं.५ः** दरबन्दी मिलान प्रतिवेदन अनुसार शिक्षक कर्मचारी पदस्थापना सम्बन्धमा ।

**प्रस्ताव नं.६ः** व्यास नगरपालिका बजेट तथा योजना तर्जुमा मापदण्ड २०८३ पारित गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं.७ः** JICA को SHEP परियोजना छनौट भएकोमा धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं.८ः** योजना परिवर्तन सम्बन्धमा ।

**प्रस्ताव नं.९ः** आदिवासी जनजाती आयोगको सहयोगका लागि धन्यवाद ज्ञापन सम्बन्धमा ।

**प्रस्ताव नं.१०ः** नारेश्वर तालको कम्पाउण्ड भित्र परेको जग्गा खरिद सम्बन्धमा ।

**प्रस्ताव नं.११ः** ठेक्का स्वीकृत सम्बन्धमा ।

**प्रस्ताव नं.१२ः** खर्च अनुमोदन सम्बन्धमा ।

**प्रस्ताव नं.१३ः** टिम दर्ता शुल्क सम्बन्धमा ।

**प्रस्ताव नं.१४ः** दमकल चालक सेवा करार सम्झौता सम्बन्धमा ।

**प्रस्ताव नं.१५ः** संघ प्रदेश अन्तर्गत आ.व.२०८३/०८४ का लागि प्राप्त बजेट सिलिङ सम्बन्धमा ।

**प्रस्ताव नं.१६ः** व्यास ३ अनसन पार्क नजिक रहेको जि.स.स. भवन अगाडी रहेको पार्क संरक्षण सम्बन्धमा ।

**प्रस्ताव नं.१७ः** रकमान्तर सम्बन्धमा ।

**प्रस्ताव नं.१८ः** वडा पुनसंरचना प्रस्ताव सम्बन्धमा ।

**प्रस्ताव नं.१९ः** जग्गा प्राप्ति सम्बन्धमा ।

**प्रस्ताव नं.२०ः** धानको उन्नत बिउ उपयोगमा अनुदान दिने सम्बन्धमा ।

**प्रस्ताव नं.२१ः** नीजि जग्गाको ढुंगा समेत विक्री अनुमति सम्बन्धमा ।

**प्रस्ताव नं.२२ः** सम्झौताको म्याद थप सम्बन्धमा ।

**प्रस्ताव नं.२३ः** भुक्तानी दिनुपर्ने दायित्वका लागि रकमान्तर सम्बन्धमा ।

**प्रस्ताव नं.२४ः** अस्थायी क्रसर उद्योग सञ्चालन अनुमति सम्बन्धमा ।

**प्रस्ताव नं.२५ः** विपदजन्य एवं अत्यावश्यक कार्यमा रकम विनियोजन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १ः** प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुंदा मिति २०८२/१२/२२ गते भएको २३४ औं कार्यपालिका वैठकका निर्णयहरु र कार्यालयको सेवा प्रवाहको सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २ः** प्रस्ताव नं. २ का सम्बन्धमा छलफल हुंदा मिति २०८२/१२/३० गते भएको व्यास नगरपालिकाको ३४ औं स्थापना दिवसका सन्दर्भमा गरिएका कार्यक्रमहरुको समीक्षा गरी सहभागी प्रमुख अतिथी, अन्य अतिथी एवं सबै सहभागीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । केही जन-प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि एवं निवर्तमान, पूर्व जन-प्रतिनिधिहरुलाई निमन्त्रणा नपुगेको गुनासोका सम्बन्धमा व्यापक छलफल गरी भएका कमी-कमजोरीलाई स्वीकार गरी अब आयन्दा त्यस्ता कमी-कमजोरी नदोहोऱ्याउने गरी सम्बन्धित पक्षलाई सचेत गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ः** प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाको यस आ.व. को कुल अनुमानित आय-व्यय रू.१,७२,५२,०४,५००/- (अक्षरुपी एक अर्ब वहत्तर करोड बाउन्न लाख चार हजार पाँच सय) मा संघ, प्रदेश आन्तरिक आय एवं सञ्चित कोषबाट जम्मा रू.१,०६,८१,९३,०३०/५० (अक्षरुपी एक अर्ब छ करोड एकासी

लाख त्रियानब्बे हजार तिस रुपैया पचास पैसा) प्राप्त (६१%) भई चालु खर्च तर्फ अनुमानित रू.९५,२२,२४,०००/- (अक्षरुपी पन्चानव्वे करोड बाईस लाख चौबिस हजार) मा रू.६०,६९,६७,२९०/७८ (अक्षरुपी साठी करोड उनान्सत्तरी लाख सतसठ्ठी हजार दुई सय नव्वे रुपैया अठहत्तर पैसा) (६३.४७%) र पुँजीगत तर्फ अनुमानित खर्च रू.७७,२९,८०,५००/- (अक्षरुपी सतहत्तर करोड उनन्तिस लाख असी हजार पाँच सय) मा रू.२०,४२,३१,३०४/७७ (अक्षरुपी विस करोड बयालिस लाख एकतिस हजार तिन सय चार रुपैयाँ सतहत्तर पैसा) (२६.४२%) समेत जम्मा खर्च रू. ८१,११,९८,६०५/५५ (अक्षेरुपी एकासी करोड एघार लाख अन्ठानव्वे हजार छ सय पाँच रुपैयाँ पचपन्न पैसा) (४७.०२%) भएको आन्तरिक आय तर्फ रू.२५,०८,५५,६५५/५२ (अक्षरुपी पच्चिस करोड आठ लाख पचपन्न हजार छ सय पचपन्न रुपैयाँ बाउन्न पैसा) अनुमान गरिएकोमा चैत्र मसान्तसम्म जम्मा रू.११,३८,१३,०१८/०२ (अक्षरुपी एघार करोड अड्तिस लाख तेह्र हजार अठार रुपैयाँ दुई पैसा) (४५.३७%) आय भएको, सरसफाई व्यवस्थापन तर्फवाट पुन प्रयोगमा आउने फोहोर र सिशाजन्यवस्तु बिक्रीवाट रू.१९,६९,८१८/८० प्राप्त भएको बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल हुंदा मिति २०८३/०१/०८ गते मंगलवार व्यास नगरपालिका वडा नं. १४ केशवटारमा स्वास्थ्य परीक्षण, कृषि बिउ-बिजन वितरण, प्राप्त परिचयपत्र वितरण लगायतको सेवा प्रदान गर्ने गरी एकिकृत घुम्ती शिविर आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाको सामुदायिक विद्यालय तर्फका शिक्षक कर्मचारीहरुको दरवन्दी मिलान प्रतिवेदन अनुसार शिक्षक कर्मचारी पदस्थापन विषयमा ७ दिन भित्र प्रस्ताव पेश गर्न नगर शिक्षा प्रमुख श्री केदारराज आचार्यको संयोजकत्वमा निम्नानुसार ५ सदस्यीय प्रस्ताव समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक श्री केदारराज आचार्य - शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख
(२) सदस्य श्री रमेशचन्द्र हड्खले - वडा अध्यक्ष, व्यास २
(३) सदस्य श्री विष्णु कुमार श्रेष्ठ - वडा अध्यक्ष, व्यास ५
(४) सदस्य श्री चन्द्रमाया परियार - कार्यपालिका सदस्य
(५) सदस्य-सचिव श्री नविन पराजुली - शिक्षा अधिकृत

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल हुंदा वडागत कार्य सम्पादन मूल्याङ्कनका आधारमा आ.व. २०८३/०८४ को लागि वजेट तर्जुमा गर्ने गरी व्यास नगरपालिका वजेट तथा योजना तर्जुमा मापदण्ड २०८३ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका र JICA बीच छलफल एवं अन्तर्क्रियावाट SHEP **(Smallholder Horticulture Empowerment and Promotion)** अन्तर्गत उच्च मूल्यका बालीहरुको प्रवर्द्धन गर्नका लागि यो नगरपालिका छनौट भएकोमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा छलफल हुंदा निम्नानुसार वडाहरुबाट आ.व. २०८२/०८३ मा सञ्चालित योजना परिवर्तनका लागि पेश गरेकाले निम्नानुसार परिवर्तन गर्ने र अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | हालको योजना | परिवर्तित योजना | रकम | शिर्षक नं. |
|---|---|---|---|---|---|
| १. | १ | छाब्दी प्रवेशद्वार सडक बत्ती व्यवस्थापन | टोलको आवश्यक ठाउँ-ठाउँमा सि.सि. क्यामरा जडान | ८०,०००/- | |
| २. | ५ | वडामा खेलकुद पूर्वाधार निर्माण योजना | पराशर पार्कमा गेट निर्माण | १,५०,०००/- | ५४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | | वडा समन्वय<br>रू. १,५०,०००/- | कमलबारी गोल्ला मार्ग निर्माण तथा मर्मत | ७०,०००/- | २८३ |
| | | | पालिङ गुरुङ गाउँजाने पैदल मार्ग | ३०,०००/- | |
| ४. | १२ | वडागत खेलकुद<br>रू. २,००,०००/- | चिसौदी खेलकुद मैदान निर्माण | १,००,०००/- | २८२ |
| ५. | | अध्ययन अवलोकन<br>रू.२,५०,०००/- | सिमलस्वाँरा खानेपानी विस्तार | २,५०,०००/- | २७९ |
| ६. | | कृषि तरकारी बिउविजन<br>रू.१,००,०००/- | कृषि सामाग्री खरिद वितरण | १,००,०००/- | २८६ |
| ७. | ६ | लहरेदेवी मन्दिर निर्माण | लहरेदेवी मन्दिर संरक्षण | २,००,०००/- | ५५८ |
| ८. | १ | दमौली टोल अधुरो आमा समूह भवन निर्माण | ठूलोगाउँ टोल लाली गुँरास आमा समूह अधुरो भवन निर्माण | ४,००,००० | १०५९ |
| ९. | नगर योजना | पूर्व सिकाई मान्यता विधि सिप परीक्षण | पूर्व सिकाइ मान्यता विधि सिप परीक्षण | २,००,०००/- | १७२ |
| | | | दक्ष कामदारको नक्साङ्कन तथा तथ्याङ्क संकलन | ३,००,०००/- | |
| | | | जम्मा | ५,००,०००/- | |
| १०. | नगर योजना १० | नारेश्वर ताल पूर्वाधार निर्माण | नारेश्वर ताल पूर्वाधार निर्माण | १०,५०,०००/- | ९३० |
| | | | नारेश्वर ताल माटो झिक्ने कार्य | ९,५०,०००/- | |
| ११. | नगर योजना ३ | प्रशासन चोक अनशन चौर पार्क निर्माण | देउरालीनगर जाने बाटो स्तरोन्नती | ४,५०,०००/-<br>३,५०,०००/-<br>बांकी | ८९७ |

<u>**निर्णय नं. ९:**</u> प्रस्ताव नं. ९ का सम्बन्धमा छलफल हुंदा आदिवासी जनजाती आयोगका माननीय अध्यक्ष श्री राम बहादुर थापा सहितको उपस्थितिमा नगरस्तरीय अमूर्तकला सूचीकृत गर्ने सम्बन्धी अन्तर्क्रिया कार्यक्रमको आयोजना भएकोले सहयोगका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं. १०:**</u> प्रस्ताव नं. १० का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं. १० दुम्सीचौरमा निर्माणाधिन नारेश्वर तालको करिव २६ रोपनी जग्गा नगरपालिकाबाट जग्गा प्राप्ति ऐन, २०३४ अनुसार अधिग्रहण भई कम्पाउण्ड गर्दा तल उल्लेख भए बमोजिमका जग्गाधनीहरुको नीजि दर्ताको भूमि तथा भवन नियमन शाखा प्रमुखको प्राविधिक प्रतिवेदन बमोजिमका जग्गाहरु कम्पाउण्ड भित्र पर्न गई सम्बन्धित जग्गाधनीहरुले बढीमा साविक मूल्याङ्कन अनुसार रकम बुझी जग्गा दिन मञ्जुर गर्नु भएकाले जग्गा प्राप्ति ऐन, २०३४ अनुसारको जिल्ला मुआब्जा निर्धारण समितिसँग जग्गा प्राप्तिका लागि माग गर्ने निर्णय गरियो । साथै बजेट शिर्षक नं. ९३१ बाट निर्धारित रकम भुक्तानी गर्ने समेत निर्णय गरियो ।

<u>तपसिल</u>

(१) श्री बम बहादुर दरैका नाउँको साविक फराकचौर ७ (ज) कि.नं. १५५ को दोयम पाखो क्षेत्रफल १-१०-०-० मध्ये दक्षिण-पश्चिम तर्फ ०-३-३-१ कित्ता १, बाँकी १-६-०-३ कित्ता - १।

(२) श्री चम बहादुर दरैका नाउँको ऐ.ऐ. नक्सा नं. ७ (ज) कि.नं. १५४ को दोयम पाखो १-१०-०-० मध्ये दक्षिण-पश्चिम तर्फ ०-१-१-२ कित्ता १, बाँकी १-८-२-२ कित्ता - १।

(३) श्री खम बहादुर दरैका नाउँको ऐ.ऐ. नक्सा नं. ७ (ज) कि.नं. १५६ को दोयम पाखो १-१०-०-० मध्ये दक्षिण-पश्चिम तर्फ ०-४-०-२ कित्ता १, बाँकी १-६-३-२ कित्ता -१ ।

(४) श्री क्षेत्र बहादुर दरैका नाउँको फराकचौर ७ (ज) कि.नं. साविक ११३ को सिम खेत क्षेत्रफल ०-६-२-२ मध्ये दक्षिण-पश्चिम तर्फ ०-५-०-१ कित्ता -१, बाँकी ०-१-२-१ कित्ता - १ ।

(५) श्री लालबहादुर दरैका नाउँमा रहेको फराकचौ् ७ (ज) कि.नं. ११२ को सिमखेत क्षेत्रफल ०-५-३-० मध्ये दक्षिण-पश्चिम तर्फ ०-३-१-० कित्ता - १, बाँकी ०-२-२-० कित्ता - १ ।

(६) श्री भिक बहादुर दरैका नाउँमा रहेको फराकचौर ७ (ज) कि.नं. १११ को सिम खेत क्षेत्रफल ०-७-२-३ मध्ये दक्षिण-पश्चिम तर्फ ०-२-१-२ कित्ता -१, बाँकी ०-५-१-१ कित्ता - १ ।

जम्मा क्षेत्रफल १-४-२-३

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ का सम्बन्धमा छलफल हुंदा विभिन्न निर्माण कार्यको लागि विद्युतीय बोलपत्र आब्हान गरिएकोमा बोलपत्र मूल्यांकन समितिको सिफारिस बमोजिम तपसिल बमोजिमका ठेक्का स्वीकृत गर्ने निणर्य गरियो।

| सि.नं | ठेक्का नं. | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १ | 16/Works/ vyasmun/ 2082.083 | श्री पञ्चमुल निर्माण सेवा पोखरा १७ कास्की | शहरी कालो पत्रे सडकको आवधिक मर्मत योजना व्यास १, २, ३ | ४५,०८,६१२/९५ |
| २ | 18/Works/ vyasmun/2082.083 | श्री घाँसीकुवा निर्माण सेवा व्यास ३ तनहूं | वि.पी. वनबाटिका खेलकूद ग्राउण्ड स्तरोन्नती व्यास३ | ११,३६,७०२/४० |

**निर्णय नं. १२:** प्रस्ताव नं. १२ का सम्बन्धमा छलफल हुंदा मिति २०८२/१२/३० गते यस नगरपालिकाको ३४ औं स्थापना दिवसको अवसरमा यस नगरपालिका सामाजिक विकास समितिका संयोजक श्री चन्द्रमाया परियारको संयोजकत्वमा रहेको छात्रवृत्ति छनौट समितिद्वारा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका कक्षा ११/१२ र सामुदायिक क्याम्पसहरुमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुका लागि विद्यालयबाट प्रास सिफारिसका आधारमा छनौट भएका २०१ जना विद्यार्थीहरु मध्ये उच्च शिक्षा तहका २७ जना विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति रू.१०,०००/- (अक्षरुपी दश हजार) का दरले र कक्षा ११/१२ का १७४ जना विद्यार्थीहरुलाई रू.८,५००/- (अक्षरुपी आठ हजार पाँच सय) का दरले जम्मा रू.१७,५५,०००/- (अक्षरुपी सत्र लाख पचपन्न हजार) नगदै वितरण भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल हुंदा यस नगरपालिकाद्वारा आयोजित अन्तरपालिका नगर प्रमुख कप भलिवल तथा उप-प्रमुख कप भलिवल खुल्ला प्रतियोगिताका लागि नगर खेलकुद समितिको निर्णयानुसार निम्न बमोजिम टिम दर्ता शुल्क लिने निर्णय अनुमोदन गर्ने गरियो ।
(क) पुरुष भलिवल टिम दर्ता शुल्क रू. ६,०००/-
(ख) महिला भलिवल टिम दर्ता शुल्क रू.४,०००/-

**निर्णय नं. १४:** प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुंदा यस नगरपालिकाको नाममा रहेको दमकल (बारुणयन्त्र) चालक श्री राजु पौडेलको २०८३/०१/०१ गतेदेखि लागू हुने गरी राजिनामा स्वीकृत भएकोले दमकल चालक पद रिक्त रहन गएको हुंदा हाल हावाहुरी चल्न सक्ने मौसमका कारण आगलागी हुने सम्भावित समय भएकोले विज्ञापन गरी ढिलाइ गर्न नहुने हुँदा अत्यावश्यक बारुणयन्त्र सेवा सञ्चालनका लागि भानु नगरपालिका वडा

नं. ६ निवासी श्री काजीमान श्रेष्ठलाई दमकल चालक पदमा मासिक रू.३३,०००/- (अक्षरुपी तेत्तिस हजार मात्र) उपलब्ध गराई सेवा करार सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. १५:** प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुंदा आ.व. २०८३/०८४ का लागि संघ एवं प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ तल लेखिए बमोजिम भएकाले बैठकमा जानकारी गराई उक्त रकम समेत आन्तरिक आयको प्रक्षेपण गरी आगामी बैठकमा प्रस्ताव पेश गर्न राजश्व परामर्श समिति र श्रोत सिमा निर्धारण समितिलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | शिर्षक | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | घटी/बढी |
|---|---|---|---|---|
| १. | सङ्घीय समानीकरण | १८,३३,००,०००/- | १८,६०,००,०००/- | २७,००,०००/- |
| २. | सङ्घीय राजश्व बाँडफाँड | १४,७६,४३,११९/- | १५,३२,७७,०००/- | ५६,३३,८८१/- |
| ३. | प्रदेश समानीकरण | २,५०,०१,०००/- | २,५०,०५,०००/- | ४,०००/- |
| ४. | प्रदेश राजश्व बाँडफाँड | १,८४,६६,९९०/- | १,८१,६५,०३३/७० | ३,०१,९५७/३० |
| जम्मा : | | ३७,४४,११,१०९/- | ३८,२४,४७,०३३/७० | ८०,३५,९२४/७० |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं. ३ जिल्ला समन्वय समितिको पुरानो भवन अगाडी रहेको महेन्द्रको शालिक भएको गोलो कम्पाउण्ड सहितको पार्क व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने हुंदा वडा नं. ३ वडा समितिको अनुगमन जिम्मेवारीमा रहने गरी जे.सी.आइ. दमौलीलाई पार्क रेखदेख एवं संरक्षणको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुंदा ४४ औं नगरसभाबाट विनियोजित विभिन्न शिर्षकमा रकम अभावले भुक्तानी प्रकृया रोकिएकोले आर्थिक प्रशासन शाखाबाट पेश भएको विभिन्न शिर्षकको रकमान्तर प्रस्तावलाई आगामी नगरसभाबाट अनुमोदन हुने गरी निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुंदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ को प्रावधान अनुसार वडा एवं पालिका सिमाना हेरफेर सम्बन्धमा निर्वाचन हुनुभन्दा १ बर्ष पहिले पालिका सभाबाट पारित प्रस्ताव प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारबाट हेरफेर गर्न सकिने हुंदा यस नगरपालिकाबाट उपप्रमुख श्री इन्दिरा दरैको संयोजकत्वमा गठित प्रस्ताव समितिले आन्तरिक गृह कार्य गरिरहेको अवस्थामा नेपाल सरकारले जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा पुनसंरचना प्रस्ताव समिति बनाउने गरी मापदण्डको मस्यौदा तयार गरिरहेको जानकारीमा आएकाले नेपाल सरकारको मापदण्ड अनुसार पछि प्रस्ताव अघि बढाउने गरी उपप्रमुखज्यूको संयोजकत्वमा गठित समितिले हालसम्म गरेको कामका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९:** प्रस्ताव नं. १९ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं. २ को कार्यालय भवनको लागि जिल्ला समन्वय समिति, तनहुँको नाममा रहेको साविक फराकचौर वडा नं. ९/ग कि.नं. १३९३ क्षेत्रफल ५-३-२-२ मध्येबाट अन्दाजी ०-१०-०-० क्षेत्रफल जग्गा प्राप्त गर्न अनुरोध गर्ने निर्णय मिति २०८२/४/२२ मा भई पत्राचार समेत भएकोमा सो क्षेत्रफल जग्गाले वडा कार्यालय भवन निर्माण गर्न अपुग हुने भएको हुंदा जग्गा भोगचलन सम्बन्धी मापदण्ड परिवर्तन भएको समेत अवस्थालाइ मध्यनजर गरी उक्त कि.नं. १३९३ ज.रो. ५-३-२-२ मध्येबाट ३-०-०-० जग्गा सेतो गुराँसले प्रयोग गरेको जग्गा समेत पर्ने गरी जग्गा प्राप्ति सम्बन्धमा जिल्ला समन्वय समिति तनहुँ मार्फत नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुंदा सङ्घीय सशर्त कार्यक्रम कृषि तर्फ खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान (खर्च सि.नं. ३५०) विनियोजित बजेटबाट कृषकको माग पुरा गर्न अपर्याप्त भएकाले कृषि विभाग स्थानीय OESIS अन्तर्गत सोही कार्यक्रमको खर्च सि.नं. ३४८, ३४९ र कृषक प्रवर्द्धन अनुदान सहयोग कार्यक्रम (सि.नं. २३०) बाट सञ्चालन तथा धान बिउ खर्च हुने व्यवस्थापन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२१:</u>** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुंदा ब्यास नगरपालिका वडा नं. १० स्थित वि.पि भञ्ज्याङ टोल निवासी टिका बहादुर दरैको जग्गामा थुपारी राखेको ग्रावेल, तथा ढुङाहरु नियमानुसार लाग्ने राजश्व तिरी अन्यत्र विक्री गर्नका लागि अनुमति माग भएको हुंदा स्थलगत रुपमा प्राविधिक नापजांच गरी हुन आउने परिमाणको यस नगरपालिकाको आर्थिक ऐन २०८२ को अनुसूची १२ मा (ढुङा, गेग्रान नीजि जग्गाको प्रति घ.मि. रू.१००/- का दरले) विक्री दर तोकिएको हुंदा सोही दर असुल गरी अन्यत्र विक्रीका लागि अनुमति दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२२:</u>** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुंदा ब्यास नगरपालिका अन्तर्गत मादी/सेती नदीको ढुङा, गिटी, बालुवा व्यास, १३ (निउरोघारी देखि खहरे ढांडखोलासम्म) वोलपत्र नं. RE3/05/VYASREV/2082/083 बमोजिमको वोलपत्रमा वोलपत्रदाता श्री जिटा इन्जिनियरिङ एण्ड सिभिल कन्ट्रक्सन सर्भिसेज प्रा.लि चन्द्रागिरी, ०९ काठमाण्डौले कवोल गरेको अंक स्वीकृत भई नियमानुसार सम्झौताका लागि मिति २०८२/१०/१९ मा १५ दिनको म्याद दिई पत्राचार गरिएकोमा सम्झौताका लागि म्याद थप गरिपाउँ भनि निवेदन प्राप्त भएको र मिति २०८२/१२/०४ गतेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम सम्झौताका लागि मिति २०८२/१२/२३ गतेसम्म म्याद थप गरिएकोमा उक्त प्रा.लि को तर्फवाट यस कार्यालयको नाउँमा कार्यसम्पादन जमानत तैयार भई पुनः म्याद थप गर्नका लागि अनुरोध भई आएको हुंदा म्याद समाप्त भएको मिति २०८२/१२/२३ देखि २०८३/०१/२२ गतेसम्म अन्तिम पटकका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**<u>निर्णयनं.२३:</u>** प्रस्तावनं. २३ का सम्बन्धमा छलफल हुंदा आगामी नगरसभाबाट अनुमोदन हुने गरी भुक्तानी दिनुपर्ने योजनाहरुको भुक्तानी तथा संशोधनका लागि निम्नानुसार रकमान्तर गर्ने निर्णय गरियो ।

रकमान्तर

आ.व. : २०८२/८३ रकमान्तर : का पा शंशोधन — रु. हजारमा

घटाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | महिलाहरुको सचेतना नेतृत्व एवं सिप विकास कार्यक्रम (१११) | 22529 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १,०००.०० | |
| २ | ८०४३८४०३१०१ | बालमैत्री नगरपालिका व्यवस्थापन (७९) | 22529 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ३ | ८०४३८४०३१०१ | देवीडाडाँ खानेपानी योजना (क्रमागत) (९८१) | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,७००.०० | |
| ४ | ८०४३८४०३१०१ | सवारी साधन खरिद (१०६७) | 31121 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,०००.०० | |
| ५ | ८०४३८४०३१०१ | सवारी साधन खरिद (१०६७) | 31121 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ३,०००.०० | |
| ६ | ८०४३८४०३१०१ | नगर भित्रका खेलकुद पूर्वाधार निर्माण (८४२) | 31159 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,०००.०० | |
| ७ | ८०४३८४०३१०१ | दमौली सभाहल सञ्चालन, व्यवस्थापन (६६) | 22721 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ८ | ८०४३८४०३१०१ | गत आ.व. भुक्तानी दायित्व चालू तर्फ (१६८) | 22529 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| | | | | | | | | ११,०००.०० | |

बढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | असहाय तथा राहत कोष (५८) | 27212 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| २ | ८०४३८४०३१०१ | देवीडाडाँ खानेपानी योजना (क्रमागत) (९८१) | 31156 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | २,७००.०० | |
| ३ | ८०४३८४०३१०१ | देवीडाडाँ खानेपानी योजना (क्रमागत) (९८१) | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,०००.०० | |
| ४ | ८०४३८४०३१०१ | नगर विकास कोष र बहुउद्देश्य भवन निर्माण जग्गा विकास कार्यक्रम (८३०) | 31114 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| ५ | ८०४३८४०३१०१ | नगर विकास कोष र बहुउद्देश्य भवन निर्माण जग्गा विकास कार्यक्रम (८३०) | 31114 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ७००.०० | |
| ६ | ८०४३८४०३१०१ | सवारी साधन खरिद (१०६७) | 31121 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ७ | ८०४३८४०३१०१ | सवारी साधन खरिद (१०६७) | 31121 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,७००.०० | |
| ८ | ८०४३८४०३१०१ | सडक बत्ती व्यवस्थापन विस्तार (८४४) | 31153 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ९ | ८०४३८४०३१०१ | गत आ.व. भुक्तानी दायित्व चालू तर्फ (१६८) | 22529 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| १० | ८०४३८४०३१०१ | विविध फुटकर योजना (९४०) | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ११ | ८०४३८४०३१०१ | विविध फुटकर योजना (९४०) | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ८००.०० | |
| | | | | | | | | ११,०००.०० | |

अक्षरेपी : रुपैयाँ एघार हजार मात्र।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं. १३ मा निर्माणाधिन ४०० KV विद्युत सव-स्टेशन MCA नेपाल अन्तर्गत ठेक्का प्राप्त गर्ने Techno Electric & Engineering Company Limited ले व्यास नगरपालिका वडा नं. १३ मा नदिजन्य निर्माण सामाग्री प्रशोधन गर्न क्रसर उपयोग सञ्चालनको अनुमति माग भएको र अन्तरार्ष्ट्रिय सहयोग प्राप्त राष्ट्रिय प्राथमिकताको योजना हुंदा उक्त आयोजनालाई आवश्यक सामाग्री प्रशोधन गर्न आयोजना अवधि समाप्त भएपछि छाब्दी बाराही क्रसर उद्योग सञ्चालनका लागि अनुमति स्वतःसमाप्त हुने र उक्त क्रसर उद्योगबाट प्रशोधित सामाग्री MCA परियोजनामा लगी प्रयोग गर्ने र अन्यत्र विक्री वितरण गर्न नपाउने गरी अनुमति प्रदान गर्न र सो को जानकारी जिल्ला अनुगमन समितिलाई गराउने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुंदा विभिन्न वडाबाट माग भई आएका योजनाहरु एवं विपद्जन्य अत्यावश्यक कार्यमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरयो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | एकता महिला सशक्तिकरण समाज स्वास्थ्य सचेतना | १ | १,००,०००/- | ११४ |
| २. | शुष्मा गिरी, Bsc अध्ययन Project work सहयोग | १ | २५,०००/- | ७२ |
| ३. | दरै संग्रहालय अधुरो घुमाउने घर निर्माण | १ | ३,००,०००/- | ८७५ |
| ४. | पुरानो NMB बैंक आउने जाने भऱ्याङ मर्मत | ३ | १,८१,७६३/- | ९७८ |
| ५. | बौद्ध सदन दमौली बुद्धजयन्ती कार्यक्रम व्यवस्थापन | ३ | ५५,०००/- | ७२ |
| ६. | पतेनीटार वडा कार्यालय भवन नाला व्यवस्थापन | ५ | २,२५,०००/- | ९७८ |
| ७. | रञ्जन मिया हावाहुरीबाट घरको छाना उडाएको विपद | ६ | ४०,०००/- | २२३ |
| ८. | रामकृष्ण कोइराला, हावाहुरि छाना मर्मत विपद | ७ | १०,०००/- | २३१ |
| ९. | टेक बहादुर सुनार, हावाहुरी छाना मर्मत विपद | ७ | १०,०००/- | २३१ |
| १०. | सोममाया मगर, हावाहुरी छाना मर्मत विपद | ७ | १२,०००/- | २३१ |
| ११. | धनमाया गोशली, हावाहुरी छाना मर्मत विपद | ७ | १२,०००/- | २३१ |
| १२. | सञ्जु थापा मगर, हावाहुरी छाना मर्मत विपद | ७ | १०,०००/- | २३१ |
| १३. | राजु श्रेष्ठ, हावाहुरी छाना मर्मत विपद | ७ | १०,०००/- | २३१ |
| १४. | रहरमान श्रेष्ठ, हावाहुरी छाना मर्मत विपद | ७ | १५,०००/- | २३१ |
| १५. | ज्ञानुमाया श्रेष्ठ, हावाहुरी छाना क्षेती | ७ | ७,०००/- | २३१ |
| १६. | चित्र बहादुर कामी हावाहुरीबाट छाना मर्मत विपद | ७ | १५,०००/- | २३१ |
| १७. | राधिका गुरुङ, एक्लेफाँट यान्त्रिक उपकरण खरिद समेत | ७ | १,५०,०००/- | ८७८ |
| १८. | भगवतीपानी मन्दिर बैकल्पिक अधुरो बाटो थप निर्माण | ११ | २,००,०००/- | ९७८ |
| १९. | कालिकासामुदायिक वनउपभोक्ता समूह फर्निचर व्यवस्थापन | ११ | ६०,०००/- | ७२ |
| २०. | खड्ककाली मोटर मार्ग तनहुँसुर क्षेत्र मर्मत | ११ | २,५०,०००/- | मर्मत संभार |
| २१. | महादेव कृषि गाइ फर्म गोठ सुधार समेत | १३ | ४५,०००/- | १४२ |
| २२. | केशवटार होमस्टे व्यासका प्रतिनिधि खाजा खर्च | १४ | ४,४००/- | १५४ |
| २३. | बन्दिपुर व्यास होमस्टे सर्किट, खाना व्यवस्थापन खर्च र रुम्सी होमस्टे | १४ | २७,७५०/- | १५४ |
| २४. | कृषि पशु प्रवर्द्धन सम्बन्धी विविधबाट स्थानीय च्याउ खेती कार्यक्रम भुक्तानी | | ३,२१,३०२/- | १४२ |
| २५. | सुचिकृत किसान परिचय पत्र वितरणबाट पुष्प खेती बिस्तार तथा प्रवर्द्धन कार्यक्रम | | १,५०,०००/- | १४८ |
| २६. | रोटरी क्लव दमौली सचिन स्मृति कार्यक्रम सहयोग | | ४०,०००/- | ७२ |